स्टुडेन्ट प्लेसमेन्ट सेन्टर
(Student Placement Center) कहाँ छ ?

999 N. University Drive (North of Downtown)
Fort Worth, Texas 76114
फोन: (817) 815-7700
फ्याक्स: (817) 815-7705
इमेल: spc@fwisd.org




## इमर्जेन्ट द्विभासिक कार्यक्रमहरू

**Dr. Marie Mendoza**
कार्यकारी निर्देशक
marie.mendoza@fwisd.org

## स्टुडेन्ट प्लेसमेन्ट सेन्टर

**Diana De La Paz**
निर्देशक
diana.delapaz@fwisd.org

फोर्ट वर्थ इन्डिपेन्डेन्ट स्कुल डिस्ट्रिक्ट (Fort Worth Independent School District) ले आफ्ना कार्यक्रम तथा क्रियाकलापहरूमा जाति, रङ, धर्म, राष्ट्रियताको मूल, लिङ्ग, अपाङ्गता, यौनिक झुकाव, उमेर, लैङ्गिक पहिचान तथा अभिव्यक्ति, सैनिक/भूपू सैनिकको हैसियतका आधारमा भेदभाव गर्दैन। गैर-भेदभावसम्बन्धी नीतिहरूका सम्बन्धमा सोधपुछको व्यवस्थापनका लागि देहायका व्यक्ति(हरू) लाई नियुक्त गरिएको छ: Patricia Sutton, 215 NE 14th Street, Fort Worth, TX 76164, विशेष सेवा निर्देशक, 817.814.2458, Cynthia Allen, टाइटल IX संयोजक, 7060 Camp Bowie Blvd, Fort Worth, TX 76116, 817-814-1830, इमेल: TitleIX@fwisd.org।

Fort Worth
INDEPENDENT SCHOOL DISTRICT
www.fwisd.org

Rev. 2/4/25

Nepali

# स्टुडेन्ट प्लेसमेन्ट सेन्टर

फोर्ट वर्थ इन्डिपेन्डेन्ट स्कुल डिस्ट्रिक्ट
(Fort Worth Independent School District)

## स्टुडेन्ट प्लेसमेन्ट सेन्टर (Student Placement Center) के हो ?

फोर्ट वर्थ ISD स्टुडेन्ट प्लेसमेन्ट सेन्टरले पब्लिक टेक्सास स्कुलमा पहिले कहिल्यै भर्ना नभएका र अङ्ग्रेजीबाहेकको अरू कुनै भाषा बोल्ने वा सुन्ने परिवारका विद्यार्थीहरूलाई भर्ना हुन मद्दत गर्छ। यस केन्द्रले विद्यार्थीहरूलाई सफल ल्शैक्षिक विद्यालय वर्षतर्फको मार्ग आरम्भ गर्न दर्ता सेवा र मूल्याङ्कन उपलब्ध गराउँछ।

## के अंग्रेजीबाहेकको अरू कुनै भाषा बोल्ने सबै विद्यार्थीहरूको मूल्याङ्कन गर्नु आवश्यक छ ?

तलका तीनमध्ये कुनै पनि प्रश्नको जवाफ अङ्ग्रेजीबाहेक अन्य कुनै भाषामा दिइएका छन् र विद्यार्थी कहिल्यै पनि टेक्सासको स्कुलमा भर्ना भएको छैन भने "हो" भनी जवाफ दिनुहोस्।

1. बच्चाको घरमा कुन भाषाहरू प्रयोग गरिन्छन् ?
2. बच्चाले घरमा कुन भाषाहरू प्रयोग गर्छन्/गर्छिन् ?
3. बच्चाको पहिलेको घरको वातावरण थियो भने कुन भाषा प्रयोग गरिन्थे? यदि त्यस्तो वातावरण थिएन भने, लागू हुँदैन (N/A) भन्ने जवाफ दिनुहोस्।

## यो प्रक्रियाका लागि कति समय लाग्छ ?

विद्यार्थीको ग्रेड र मूल्याङ्कनमा आधारित रहेर उक्त समय 45 मिनेटदेखि 2.5 घण्टासम्मको रहने छ। प्राथमिक स्कुलमा पढ्ने उमेरका बालबालिकाका लागि बिहान अलि अबेर वा दिउँसोको समय मिलाउन सकिने छ किनभने यी मूल्याङ्कनहरूलाई माध्यमिक तहका विद्यार्थीहरू झैं बढी समय लाग्दैन।

## स्टुडेन्ट प्लेसमेन्ट सेन्टरमा आउँदा अभिभावकले विद्यार्थीका के-कस्ता रेकर्डहरू साथमा ल्याउनु पर्छ?

- **उमेरको प्रमाण र विद्यार्थीको परिचय पत्र**
- **हालको खोपसम्बन्धी रेकर्ड**
- **अभिभावक/संरक्षकको परिचय फाराम**
- **ठेगानाको प्रमाण**
- **रिपोर्ट कार्ड वा अन्तर्राष्ट्रिय ट्रान्सक्रिप्ट (व उपलब्ध भएमा, अघिल्लो स्कुलबाट प्राप्त सबै प्रकारका रेकर्डहरू)**
- **शरणार्थी प्रमाण/शरणार्थी स्थिति (उपलब्ध भएमा उत्तराधिकारीको कागजात)**

अभिभावकहरू आवश्यक कागजपत्रहरू इमेल वा फ्याक्स गरेर पठाउन सक्ने छन्।

**इमेल: spc@fwisd.org**

**फ्याक्स: 817.815.7705**

## के अभिभावकहरूले अपोइन्टमेन्टको समय मिलाउन फोन गर्नु पर्छ ?

**हो, अपोइन्टमेन्ट केन्द्रमा फोन गरेर वा SPC कर्मचारीले अपोइन्टमेन्ट मिलाउन अभिभावकलाई कल गर्ने छन्।**

## कार्यालय खुल्ने समय कुन हो ?

स्टुडेन्ट प्लेसमेन्ट सेन्टर स्कुल बिदा हुने दिनहरूमा बाहेक सोमबारदेखि शुक्रबारसम्म बिहान 8:00 बजेदेखि बेलुका 5:00 बजेसम्म खुला रहन्छ।

## आफ्ना छोरा/छोरीहरूलाई लिएर सेन्टरमा आउँदा अभिभावकहरूले के अपेक्षा गर्न सक्नुहुन्छ ?

अभिभावकहरूले निम्न कुराहरूको अपेक्षा गर्न सक्नुहुन्छ:

- अङ्ग्रेजी, स्पेनिश वा अन्य भाषाहरू बोल्ने कर्मचारीहरूद्वारा स्वागत गरिने (अनुरोध गरिएका खण्डमा दोभासेहरू उपलब्ध हुन्छन्)
- निम्न कुराहरूसम्बन्धी जानकारी/सहयोग प्राप्त गर्ने:
  - विद्यार्थीको भर्ना
  - प्रारम्भिक प्लेसमेन्टको मूल्याङ्कन
  - द्विभाषी/ESL कार्यक्रमसम्बन्धी जानकारी
  - विदेशी ट्रान्सक्रिप्टका अनुवादहरू
  - बससम्बन्धी जानकारी
  - खोपसम्बन्धी जानकारी
  - फोर्ट वर्थ ISD सम्बन्धी जानकारी (ड्रेस कोड, अभिभावक पोर्टल आदि)
  - अभिभावक/विद्यार्थीलाई अभिमुखीकरण
  - नोटरी सेवाहरू
- तोकिएको स्कुलमा भर्नासम्बन्धी जानकारीसहितको पहेँलो खाम लिएर सेन्टरबाट जाने (उपलब्ध जुनसुकै भर्ना सम्बन्धी कागजातहरू अनलाइन दर्ता साइटमा अपलोड गरिएका छन्)
- आवश्यकताअनुसार स्कुल हेर्न जाने, विदेशी ट्रान्सक्रिप्टहरू अनुवाद गर्ने, यातायातसम्बन्धी मामिला तथा स्कुल सम्बन्धी अन्य प्रश्नहरूका सम्बन्धमा फलोअप सेवाहरू

## के सेन्टरद्वारा उपलब्ध गराइने सेवाहरूका लागि शुल्क लाग्छ ?

लाग्दैन, फोर्ट वर्थ ISD ले अभिभावकहरूलाई यी सेवाहरू नि:शुल्क रूपमा प्रदान गर्छ।